**केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको ४७ औं बैठकका निर्णयहरूः**

**१ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ कार्यान्वयनलाई थप गतिशील तुल्याउने सम्बन्धमाः**

**क)** आफ्नो क्षेत्रभित्रका क्षेत्रीय, अञ्चलस्तरीय एवं सरकारी सेवा प्रदायक निकायहरूको काम कारवाहीको नियमित अनुगमन एवं मूल्याङ्कन गरी सार्वजनिक सेवा वितरण प्रणालीलाई बढी व्यवस्थित र प्रभावकारी तुल्याउन सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३८ तथा नियमावली, २०६५ को नियम २७ बमोजिम गठीत **क्षेत्रीय अनुगमन तथा मूल्याङ्कन समिति**लाई अझ गतिशील बनाउन सबै क्षेत्रीय प्रशासकहरूलाई निर्देशन दिने ।

**ख)** जिल्ला भित्रका सरकारी सेवा प्रदायक निकायहरूको काम कारवाहीको अनुगमन तथा मूल्याङ्कन गरी सार्वजनिक सेवा वितरण प्रणालीलाई बढी व्यवस्थित र प्रभावकारी तुल्याउन सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३८ तथा नियमावली, २०६५ को नियम २८ बमोजिम गठीत **जिल्लास्तरीय अनुगमन तथा मूल्याङ्कन समिति**लाई अझ गतिशील बनाउन ७५ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिने ।

**ग)** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३८ तथा नियमावली, २०६५ को नियम २९ बमोजिम प्रत्येक मन्त्रालयमा १५ दिनभित्र **मूल्याङ्कन तथा अनुगमन एकाइ** गठन गरी सक्रिय बनाउन सम्बन्धित मन्त्रालय/निकाय/आयोगका सचिवलाई निर्देशन दिने।

**घ)** जिल्लास्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले गरेको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यको प्रतिवेदन क्षेत्रीय अनुगमन तथा मूल्याङ्कन समितिमा र क्षेत्रीय अनुगमन तथा मूल्याङ्कन समितिले गरेको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यको प्रतिवेदन मूल्याङ्कन तथा अनुगमन एकाइ (मन्त्रालयमा गठीत) मा नियमित रूपमा पठाउने व्यवस्था मिलाउन सम्बन्धित सबै पदाधिकारीहरूलाई निर्देशन दिने ।

**ङ)** मूल्याङ्कन तथा अनुगमन एकाइ (मन्त्रालयमा गठीत) ले जनतामा प्रवाह भएको सेवा र सुविधा तथा सरकारी कामको सिलसिलामा प्राप्त उपलब्धि, प्रमुख घटना तथा

तथ्याङ्कसम्बन्धी विवरण सङ्कलन गरी सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३८ तथा नियमावली, २०६५ को नियम २६ बमोजिम गठीत केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिमा नियमित रूपमा प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउन मन्त्रालय/मन्त्रालयस्तरीय निकायहरूका सबै सचिवहरूलाई निर्देशन दिने ।

**२ समसामयिक विषयहरूलाई समाधान गर्ने सम्बन्धमाः**

**क)** कृषि क्षेत्रमा विचौलियाका कारण वास्तविक किसानले कृषि उपजको उचित मुल्य नपाउने र उपभोक्ताले उचित मुल्यमा खरिद गर्न नपाउने अवस्था भै वस्तु र सेवाको सहज एवं सुलभ आपूर्तिको समस्या जटिल बन्दै गएकाले सो को नियन्त्रणका लागि ठोस कार्ययोजना तयार गरी कार्यान्वयन गर्न गराउन कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।

**ख)** तरकारी, फलफुललगायत दैनिक उपभोग्य खाद्य सामाग्रीहरूमा विषादीको प्रयोग लगायत अन्य मिसावट समेत प्रयोग भई उपभोक्ताहरूको स्वास्थ्यमा समेत नकारात्मक असर परिरहेको सम्बन्धमा विषादी लगायत खाद्य पदार्थमा हुने मिसावटलाई नियन्त्रण गर्न आबश्यक व्यवस्था मिलाउन कृषि विकास मन्त्रालय, आपूर्ति मन्त्रालय लगायत अन्य सम्बद्ध निकायहरूलाई विशेष निर्देशन दिने ।

**ग)** उपभोक्ताहरूको हक, हित र अधिकारलाई मध्यनजर राखी दैनिक उपभोग्य वस्तु (खाना पकाउने ग्याँस, मट्टितेल, पेट्रोलियम पदार्थ, खाद्यान्न, तरकारी, फलफूल, औषधी आदि) को नियमित र सहज आपूर्ति तथा विक्री वितरणको व्यवस्था मिलाउन नियमित र आकस्मिक अनुगमन गरी प्रचलित कानुन बमोजिम आवश्यकता अनुसार बजार हस्तक्षेप गर्न र वस्तु तथा सेवा सर्वसुलभ गराउन आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।

**घ)** सर्वसाधारण नागरिकका दैनिक जीवनसँग सम्बन्धित सेवाहरू खानेपानी, बत्ती, बिजुली, टेलिफोन, फोहोरमैला व्यवस्थापन लगायत वस्तु र सेवा वितरण प्रणालीलाई प्रभावकारी बनाई नागरिकको जीवनयापनलाई थप सहज, सरल र सुविधायुक्त बनाउन संवेदनशील भई जिम्मेवारी पुरा गर्न सम्बद्ध निकायहरूलाई निर्देशन दिने ।

ङ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गतका निकायहरू विशेष गरी मालपोत कार्यालय, नापी कार्यालय र भूमिसुधार कार्यालयहरूबाट प्रदान गरिने सेवा र सुविधाका सम्बन्धमा व्यापक रूपमा जनगुनासो बढेकाले तत् तत् निकायहरूबाट प्रदान गरिने सेवा वितरण प्रणालीलाई थप सरल, सहज, सुलभ एवं पारदर्शी गराई सेवा प्रवाहलाई नागरिक मैत्री बनाउन ठोस कार्ययोजना तयार गरी सो को कार्यान्वयन गर्न गराउन तथा ७५ वटै जिल्ला स्थीत मालपोत कार्यालय, नापी कार्यालय एवं भूमिसुधार कार्यालयहरूमा पहिले आउने नागरिकलाई पहिले सेवा (First Come First Service) उपलव्ध गराउन अनिवार्य रूपमा टोकन प्रणाली लागू गर्ने गराउने ।

च) कृषि, पशुपंक्षी लगायतका क्षेत्रमा नेपाल सरकारबाट प्रदान गरिने अनुदान प्रणालीलाई वास्तविक लाभग्राहीले मात्र प्राप्त गर्न सक्ने व्यवस्था मिलाउन सम्वद्ध निकायहरूमा लेखी पठाउने ।

छ) हालै मात्र त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुनतस्करी जस्तो जघन्य घटना घटेको र उक्त तस्करीजन्य कार्यमा राष्ट्रसेवक कर्मचारीहरूको समेत संलग्नता रहेको भन्ने व्यापक जनचासोका सम्बन्धमा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको गम्भीर ध्यानाकर्षण भएको र सो घटना सम्बन्धमा सत्यतथ्य बुझी दोषी उपर तत्काल कारवाही सुरू गर्न गृह मन्त्रालयले उच्चस्तरीय छानवीन समिति गठन गरी १५ दिनभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत प्रतिवेदन पेश गर्ने।

ज) शैक्षिक सत्र सुरू हुनु अगावै प्रत्येक विद्यार्थीले पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था मिलाउन तथा शिक्षक-विद्यार्थी अनुपातका आधारमा विद्यालय मर्जर गर्ने व्यवस्थालाई प्रभावकारी बनाउन शिक्षा मन्त्रालयलाई निर्देशन दिने ।

झ) सबै मन्त्रालय/केन्द्रीय निकायहरूले पाँच वटै क्षेत्रीय प्रशासन कार्यालयहरूसँग समन्वय गरी हेलो सरकारमा प्राप्त नागरिकका गुनासोहरूको यथाशीघ्र सम्वोधन गर्ने व्यवस्था मिलाउने ।

ञ) महिला, बालवालिका तथा समाजकल्याण मन्त्रालय अन्तर्गत अन्तरदेशीय धर्मपुत्र तथा धर्मपुत्री व्यवस्थापन विकास समितिको स्विकृतिबाट विदेशी अभिभावकले धर्मपुत्र वा

धर्मपुत्रीको रूपमा कानुनतः ग्रहण गरेका नेपाली बालवालिकाको अवस्थाको अनुगमन नेपाली राजदुतावासबाट गराई नियमित प्रतिवेदन लिने व्यवस्था गर्न अधिकार प्रत्यायोजन गर्ने प्रवन्ध मिलाउने र सो सम्बन्धी आवश्यक विवरण परराष्ट्र मन्त्रालयमार्फत नेपाली राजदुतावासहरूलाई सो समितिले उपलव्ध गराउने व्यवस्था समेत गर्ने ।

ट) काठमाडौं उपत्यकालगायत मुलुकका अन्य ठुला शहरहरूमा धुलो, धुवाँ तथा प्रदुषणका कारणबाट आम नागरिकहरूले कठिनाइ व्यहोर्नु परेको र जनस्वास्थ्यमा समेत प्रतिकूल असर परिरहेको सम्बन्धमा सम्बद्ध जिम्मेवार निकायहरूले धुलो, धुवाँ तथा प्रदुषण कम गर्ने तर्फ ठोस कार्ययोजना बनाई कार्यान्वयन गर्ने एवं विकास निर्माणका कार्यहरू समन्वयात्मक रूपमा व्यवस्थापन गरी समयमै गुणस्तरीय रूपमा कार्यसम्पन्न गर्न विशेष ध्यान पुर्‍याउने।

ठ) सार्वजनिक स्वास्थ्य संस्थाहरू, क्षेत्रीय,अञ्चल र जिल्ला अस्पतालहरू, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र लगायतका स्वास्थ्य संस्थाको जनशक्ति, औषधी उपकरण तथा सेवा सुविधाको अवस्था एवं नीजि स्वास्थ्य संस्था, नर्सिङ होम र औषधी पसलहरूको मुल्य, गुणस्तर र सेवा सुविधाको नियमित, सघन र प्रभावकारी अनुगमन गरी सेवाको नियमितता, गुणस्तरीयता र सर्वसुलभताका लागि सबै उपायहरू अवलम्बन गरी व्यवस्थापन, नियमन, नियन्त्रण र कारवाही गर्न अनुगमन इकाई समिति तथा स्वास्थ्य मन्त्रालयलाई लेखी पठाउने ।

⇦⇨